आज मिति २०७९ साल जेष्ठ महिना ३० गते का दिन विहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेशचन्द श्रेष्ठ ज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख |
| २. | गिता खड्का | नगर उप प्रमुख |
| ३. | पदम लाल मगर | १ नं. वडाध्यक्ष |
| ४. | प्रेम वहादुर क्षेत्री | २ नं. वडाध्यक्ष |
| ५. | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष |
| ६. | भुपेन्द्र सिं तामाङ्ग | ४ नं. वडाध्यक्ष |
| ७. | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष |
| ८. | प्रेम वहाादुर मगर | ६ नं. वडाध्यक्ष |
| ९. | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष |
| १०. | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष |
| ११. | वेग वहादुर आले मगर | ९ नं. वडाध्यक्ष |
| १२. | क्षेत्र वहादुर खड्का | १० नं. वडाध्यक्ष |
| १३. | अनन्त हायु | ११ नं. वडाध्यक्ष |
| १४. | यम्वर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष |
| १५. | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष |
| १६. | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य |
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य |
| २२. | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य |
| २३. | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य |
| २५. | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत |
| २६. | दिलिप कुमार श्रेष्ठ | लेखा अधिकृत |
| २७. | मोहन बहादुर पौडेल | शाखा अधिकृत |
| २८. | रोशन कार्की | सुचना प्रविधि अधिकृत |
| २९. | सुदिप श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर |

**प्रस्तावहरु**

१. धन्यवाद ज्ञापन सम्बन्धमा

२. वाार्षिक योजना तर्जुमासँग सम्वन्धी समितिहरु गठन सम्बन्धमा

३. कार्यापालिका विषयगत समितिहरु गठन सम्बन्धमा

४. भूमिहिन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समिति गठन सम्बन्धमा

५. न्यायिक समिति गठन सम्बन्धमा

६. योजना अनुगमन तथा सुपरिवेक्षण समिति गठन सम्बन्धमा

७. वार्षिक योजना तर्जुमा समयसीमा सम्बन्धमा

८. हेल्प डेक्स स्थापना गर्ने सम्बन्धमा

९. प्रवक्ता तोक्ने सम्बन्धमा

१०. पन्जिकरणको सहजिकरण समिति तोक्ने सम्बन्धमा

११. फोहोरमैला व्यवस्थापन सम्बन्धमा

१२. एम्वुलेन्स सेवा सञ्चालन सम्बन्धमा

**निर्णय नं. १**

यस कटारी नगरपालिकाका सम्पुर्ण मतदाताहरुलाई आफ्नो अमुल्य मत प्रदान गरी जनप्रतिनिधिको रुपमा नगरपालिकामा जिम्मेवारी प्रदान गर्नु भएकोमा धन्दयवाद व्यक्त गर्ने साथै पुर्व जनप्रतिनिधिहरुलाई आभार ब्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस कटारी नगरपालिकाको आ.व. २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ को व्यवस्था बमोजिम देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**(क) स्थानीय राजस्व परामर्श समिति**

| | |
|---|---|
| संयोजक | नगर उप प्रमुख |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | पुष्कर खड्का |
| सदस्य | मन्जु कुमारी राई दनुवार |
| सदस्य | उद्योग वाणिज्य संघ प्रतिनिधि |
| सदस्य सचिव | राजस्व शाखा प्रमुख |

**(ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

| | |
|---|---|
| संयोजक | नगर प्रमुख |
| सदस्य | नगर उप प्रमुख |
| सदस्य | मेलिना श्रेष्ठ |
| सदस्य | भुपेन्द्र सिंह तामाङ्ग |
| सदस्य | प्रेम बहादुर क्षेत्री |
| सदस्य | नविन्द्र कुमार तामाङ्ग |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**(ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति**

| | |
|---|---|
| संयोजक | नगर उप प्रमुख |
| सदस्य | विषयगत समितिका संयोजकहरु |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

**निर्णय नं. ३**

विषयगत शाखा प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रुपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गरी पेश गर्न यस कटारी नगरपालिकाको नगरकार्यपालिका (कार्यसम्पादन) २०७५ को नियम १५ मा भएको व्यवस्था बमोजिम देहायको विषयगत समिति गठन गर्ने निर्णय गरियो ।

**(क) आर्थिक विकास समिति**

| | |
|---|---|
| संयोजक | अम्बर बहादुर मगर |
| सदस्य | प्रेम बहादुर क्षेत्री |
| सदस्य | सम्झना मुरी मगर |
| सदस्य सचिव | कृषि तथा पशु शाखा प्रमुख |

**(ख) सामाजिक विकास समिति**

| | |
|---|---|
| संयोजक | सुबिन ढुङ्गाना |
| सदस्य | नविन्द्र कुमार तामाङ्ग |
| सदस्य | अनन्त हायु |
| सदस्य सचिव | शिक्षा/स्वास्थ्य/महिला शाखा प्रमुख |

**(ग) पूर्वाधार विकास समिति**

| | |
|---|---|
| संयोजक | क्षेत्र बहादुर खड्का |
| सदस्य | प्रेम बहादुर मगर |
| सदस्य | देवी कुमारी घिमिरे |
| सदस्य सचिव | योजना शाखा प्रमुख |

**(घ) वातावरण तथा विपद् व्यवस्थापन विकास समिति**

| | |
|---|---|
| संयोजक | बेग बहादुर आले मगर |
| सदस्य | शम्भु श्रेष्ठ |
| सदस्य | मन्जु कुमारी राई दनुवार |
| सदस्य सचिव | विपद व्यवस्थापन शाखा प्रमुख |

**(ङ) सार्वजनिक सेवा तथा क्षमता विकास समिति**

| | |
|---|---|
| संयोजक | पुष्कर खड्का |
| सदस्य | जितेन्द्र बराईली |
| सदस्य | भगवती अधिकारी |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख |

**(च) विधेयक समिति**

| | |
|---|---|
| संयोजक | भुपेन्द्र सिंह तामाङ्ग |
| सदस्य | गीता कुमारी गिरी |
| सदस्य | हेम कुमारी वि. क. |
| सदस्य सचिव | न्यायिक सहजकर्ता |

**निर्णय नं. ४**

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नक्सा गर्ने कार्यमा सहयोग र सहजकिरण गर्न देहाय बमोजिमको भूमिहिन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजकिरण समिति रहने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगर प्रमुख |
| उप संयोजक | नगर उप प्रमुख |
| सदस्य(पार्टी प्रनिनिधि) | |
| सदस्य(पार्टी प्रनिनिधि) | |
| सदस्य(पार्टी प्रनिनिधि) | |
| सदस्य(पार्टी प्रनिनिधि) | |
| सदस्य(पार्टी प्रनिनिधि) | |
| सदस्य(पार्टी प्रनिनिधि) | |
| सदस्य(कार्यपालिका सदस्य दलित/अल्पसंख्य) | जितेन्द्र बराईली |
| सदस्य(कार्यपालिका सदस्य महिला) | देवि कुमारी घिमिरे |
| सदस्य(स्थानीय तहमा क्रियाशिल भुमि सम्बन्धीसंघको प्रतिनिधि) | |
| सदस्य(स्थानीय तहमा क्रियाशिल नागरिक समाजवाट महिला प्रतिनिधि) | |
| सदस्य(स्थानीय तहमा क्रियाशिल नागरिक समाजवाट दलित प्रतिनिधि) | |
| सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं. ५**

नेपालको संविधान, २०७२ को धारा २१७ अनुसार स्थानीय तहमा नै कानून बमोजिम विवाद निरुपाण गर्न न्यायिक समितिको गठन गर्ने व्यवस्था अनुसार देहाय बमोजिमको न्यायिक समितिमा रहने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगर उप प्रमुख |
| सदस्य | भुपेन्द्र सिंह तामाङ्ग |
| सदस्य | हेम कुमारी वि. क. |

**निर्णय नं. ६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनुसार स्थानीय तहमा सञ्चालनमा रहेको योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण गर्नका लागि योजना अनुगमन तथा सुपरिवेक्षण समितिको गठन गर्ने व्यवस्थानुसार देहाय बमोजिमको अनुगमन समितिमा रहने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगर उप प्रमुख |
| सदस्य | पुष्कर खड्का |
| सदस्य | अनन्त हायु |

**निर्णय नं. ७**

कटारी नगरपालिकाको आ. व. २०७९/८० को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी समय तालिका तपशिल बमोजिम तोक्ने निर्णय गरियो ।

## तपशिल

| सि. नं. | चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय |
|---|---|---|---|
| १ | बजेटको पूर्व तयारी | राजस्व परामर्श समितिको बैठक | २०७९।०२।३१ |
| २ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | समितिको बैठक र बिषयगत समितिको छलफल | २०७९।०३।०२ |
| ३ | वस्ती/टोल स्तरबाट योजना छनौट | आयोजना संकलन | २०७९।०३।०३ देखि ०३।०५ |
| ४ | वडा स्तरीय योजना प्राथमिकता निर्धारण | वडा बैठक | २०७९।०३।०६ |
| ५ | एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा | समिति बैठक | २०७९।०३।०७ |
| ६ | कार्यपालिकाबाट स्वीकृति | कार्यपालिका बैठक | २०७९।०३।०८ |
| ७ | सभामा पेश र स्वीकृति | नगर सभा | २०७९।०३।१० |

**निर्णय नं. ८**

यस नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त, दुरुस्त र प्रभावकारी बनाउन, सेवाग्राहीलाई लिन चाहने सेवाको बारेमा जानकारी दिन, गुनासोहरुको अभिलेख राख्न तथा सेवाग्राही र सेवा प्रदायक शाखा एंव कर्मचारीबीच सहजीकरण गर्न नगरपालिका कार्यालयमा एक हेल्पडेस्क राख्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

कार्यपालिकाको कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउन कार्यपालिका सदस्य तथा वडा नं. २ का वडा अध्यक्ष श्री प्रेम बहादुर क्षेत्रीज्यूलाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

गृह मन्त्रालयको मिति २०७८/१२/०७ (सचिवस्तर) को निर्णय अनुसार सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणालि मार्फत वितरण गर्ने सर्न्दभमा नगरपालिकामा आइपर्ने समस्याहरुको समाधानका लागि देहायको सदस्य रहने गरी स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | सम्बन्धित बैंकका शाखा प्रमुखहरु |
| सदस्य | क्षेत्र बहादुर खड्का |
| सदस्य | मेलिना श्रेष्ठ |
| सदस्य | जिल्ला प्रशासन कार्यालयले तोकेको प्रतिनिधि |
| सदस्य | कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको प्रतिनिधि |
| सदस्य | पंजीकरण शाखा प्रमुख |

**निर्णय नं. ११**

नगरको फोहोरमैलाको समस्यालाई दिर्घकालीन रुपमा समस्या समाधान गर्न तपशिल बमोजिमको एक Landfield Site खोज तथा फोहोर मैला व्यवस्थापन समिति गठन गरी सोही समितिको प्रतिवेदनको आधारमा भावी कार्यक्रम तयार गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगर उप प्रमुख |
| सदस्य | पुष्कर खड्का |
| सदस्य | भुपेन्द्र सिंह तामाङ्ग |

**निर्णय नं. १२**

कटारी नगरपालिकाको अतिविपन्न सुत्केरी महिलाहरुको लागि आवश्यक्ता परेका अवस्था र माग भइ आएमा नगरपालिका भित्रको स्वास्थ्य संस्थासम्म पुऱ्याउनका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने निर्णय गरियो ।